## उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक पुस्तिका

बैठक संख्या -१२२

आज मिति २०८२/०४/०८ गतेको दिन यस उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री माधवप्रसाद अर्यालज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो।

<u>उपस्थिति</u>

| क्र.स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री माधवप्रसाद अर्याल | अध्यक्ष | |
| २ | श्री चमेली गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री मार सिङ तामाङ | वडा अध्यक्ष | |
| ४ | श्री टुकु प्रसाद सुवेदी | वडा अध्यक्ष | |
| ५ | श्री लालबहादुर तामाङ लामा | वडा अध्यक्ष | |
| ६ | श्री अमर बहादुर बुलुन | वडा अध्यक्ष | |
| ७ | श्री यमनाथ आचार्य | वडा अध्यक्ष | |
| ८ | श्री बुटी तामाङ | सदस्य | |
| ९ | श्री ज्ञानु विश्वकर्मा | सदस्य | |
| १० | श्री शान्ती माया तामाङ | सदस्य | |
| ११ | श्री पुतली विश्वकर्मा | सदस्य | |
| १२ | श्री पुर्ण बहादुर घले | सदस्य | |
| १३ | श्री राम बहादुर विश्वकर्मा | सदस्य | |
| १४ | श्री होमनाथ दाहाल | सचिव | |

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्या: १२२ मितिः २०८२/०४/०८

प्रस्तावहरु

१. आ.व २०८१।०८२ को बजेट समिक्षा सम्बन्धमा।

२. कार्यविधि अनुमोदन सम्बन्धमा।

३. कर्मचारी व्यवस्थापन सम्बन्धमा।

४. प्राविधिकहरुको फिल्ड भत्ता सम्बन्धमा।

५. घरभाडा सम्बन्धमा।

६. गत आ.व को छुट रकम भुक्तानी सम्बन्धमा।

७. टेलिमेडिसिन सेवा निरन्तरता सम्बन्धमा।

निर्णय नं.१

यस उत्तरगया गाउँपालिकाको आर्थिक बर्ष २०८१।०८२ को बजेटको प्रगति समिक्षा तपसिल बमोजिम रहेको छ।

तपशिल:

| शीर्षक | कुल बजेट विनियोजन | खर्च रकम | खर्च (प्रतिश |
|---|---|---|---|
| चालु खर्च | २६,४२,१५,१५३। | २१,२३,८५,२८७.४७।- | ८०.३८ |
| पूँजीगत खर्च | १५,७३,१२,०००।- | १०,४४,३२,३२९.९८।- | ६६.३९ |
| जम्मा | ४२,१५,२७,१५३।- | ३१,६८,१७,६१७.४५।- | ७५.१५ |

निर्णय नं.२

उत्तरगया गाउँपालिकाको प्रशासनिक कार्य सम्पादनलाई थप प्रभावकारी बनाउनका लागि तयार गरिएका तपसिल बमोजिमका कार्यविधिहरु अनुमोदन गर्ने निर्णय गरियो।

तपसिल

१. परिक्षामा खटिने कर्मचारीहरुको सेवा सुविधा सम्बन्धी मापदण्ड,२०८२

२. दलित र गैर दलितबीच हुने अन्तरजातीय विवाह प्रोत्साहन सम्बन्धी कार्यविधि, २०८२

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्याः १२२ मितिः २०८२/०४/०८

**निर्णय नं.३**

उत्तरगया गाउँपालिका अन्तर्गत तपसिल बमोजिमका स्थानमा रिक्त रहेका देहाय बमोजिमका पदमा पदपूर्ति प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

**तपसिल**

| क्र.स | कार्यालयको नाम | पद नाम | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | मैलुङ सामुदायिक स्वास्थ्य इकाई, वडा नं १ | कार्यालय सहयोगी | १ | |
| २ | उत्तरगया गाउँपालिका | खा.पा.स.टे | १ | |
| ३ | लहरेपौवा आयुर्वेद औषधालय, वडा नं ५ | औषधि कुटुवा | १ | |
| | | कार्यालय सहयोगी | १ | |
| | | अभ्यङ्गकर्ता | १ | |

**निर्णय नं.४**

उत्तरगया गाउँपालिकाका पूर्वाधार विकास शाखा अन्तर्गत कार्यरत प्राविधिकहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८२ खारेज गर्ने र अतिरिक्त समयमा कार्य गरेकोमा कार्यबोझका आधारमा कार्यालय प्रमुखले कृषि विकास, पशु सेवा, पूर्वाधार विकास र स्वास्थ्य शाखा समेतका प्राविधिक कर्मचारीहरुलाई भ्रमण भत्ता वापतको रकम कार्य विश्लेषणका आधारमा उपलब्ध गराउने निर्णय गरियो। साथै जिम्मेवारी तोकिएको वडामा कार्यरत प्राविधिक कर्मचारीहरुले तोकिएको वडामा नै अनिवार्य रुपमा हाजिर गर्ने र वडा अन्तर्गतका सम्पूर्ण कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको मासिक तलब सम्बन्धित वडा अध्यक्षले मासिक रुपमा हाजिर प्रमाणित गरी पठाइ सकेपछि मात्र सम्बन्धित कर्मचारीलाई उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं.५**

उत्तरगया गाउँपालिका अन्तर्गत कार्यरत पालिका बाहिर स्थायी ठेगाना भएका, आवासिय सुविधा नभएका, कार्यालय र वडा बाहिर बस्नै पर्ने बाध्यता भएका कर्मचारीहरुलाई आवासिय प्रयोजनको लागि घरभाडा वापतको रकम सम्बन्धित कर्मचारीको बैंक खातामा जम्मा हुने गरी मासिक रु. ३०००/- (कर बाहेक) उपलब्ध गराउने निर्णय गरियो।

२०८२/०४/०८

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्या: १२२ मिति: २०८२/०४/०८

निर्णय नं.६

उत्तरगया गाउँपालिकाको गत आ व २०८१।०८२ को भुक्तानी हुन छुट भएका तपसिलका कार्यक्रमहरुको चालु आ.व २०८२।०८३ मा रकम भुक्तानी गर्ने निर्णय गरियो।

तपसिल

| क.सं | कार्यक्रमको नाम | रकम | कैफिय |
|---|---|---|---|
| १ | विपद् स्वंयम सेवक समुह निर्माण तथा परिचालन | ५३,११७/- | |
| २ | वडा नं १ को सम्पर्क कार्यालयको असार महिनाको घरभाडा | ९०००/- | |
| ३ | टेलीमेडिसिन सेवाको असार महिनाको | ६०,०००/- | |
| ४ | प्रथम लाङटाङ ट्रेल रन,२०८२ | ५०,०००/- | |

निर्णय नं.७

उत्तरगया गाउँपालिका र नेपाल टेलिमेडिसिन सोसाइटी बीच टेलिमेडिसिन सेवा सन्चालनको लागि मिति २०८० साउन ७ गते सम्झौता भएको र उक्त सेवा सन्चालनको अवधि मिति २०८२ असार मसान्त सम्म तोकिएकोमा सोही संस्था मार्फत टेलमेडिसिन सेवा सन्चालन गर्ने गरी मिति २०८४ असार मसान्त सम्मका लागि नविकरण गर्ने निर्णय गरियो।